आज मिति २०८० साल मंसिर १२ गते यस जयपृथ्वी नगरपालिकाका नगर प्रमुख श्री चेतराज बजाल ज्यूको अध्यक्षतामा देहायको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमको निर्णयहरु पारित गरियो ।

उपस्थितिः

| सि.न. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | चेतराज बजाल | नगर प्रमुख | |
| २ | रतन बहादुर सिंह | नगर उप-प्रमुख | |
| ३ | डम्बर बहादुर सिंह | वडा अध्यक्ष वडा नं-०१ | |
| ४ | कलक बहादुर खडका | वडा अध्यक्ष वडा नं-०२ | |
| ५ | गंग बहादुर खडका | वडा अध्यक्ष वडा नं-०३ | |
| ६ | ईश्वर बहादुर खाती | वडा अध्यक्ष वडा नं-०४ | |
| ७ | प्रेम थापा | वडा अध्यक्ष वडा नं-०५ | |
| ८ | नरेन्द्र बहादुर सिंह | वडा अध्यक्ष वडा नं-०६ | |
| ९ | शिबराज जोशी | वडा अध्यक्ष वडा नं-०७ | |
| १० | लोकेन्द्र बहादुर वोहरा | वडा अध्यक्ष वडा नं-०८ | |
| ११ | गोपाल बहादुर खडका | वडा अध्यक्ष वडा नं-०९ | |
| १२ | पुष्प बहादुर सिंह | वडा अध्यक्ष वडा नं-१० | |
| १३ | सर्जन बहादुर थापा | वडा अध्यक्ष वडा नं-११ | |
| १४ | उत्तरा कुइकेल खडका | महिला सदस्य | |
| १५ | सुर्मा रोकाया धामी | महिला सदस्य | |
| १६ | सरस्वती कुमारी जोशी | महिला सदस्य | |
| १७ | धनलक्ष्मी उपाध्याय | महिला सदस्य | |
| १८ | कमला कुमारी कामी | महिला सदस्य | |
| १९ | धर्मराज रसाइली | दलित सदस्य | |
| २० | लाल बहादुर सुनार | दलित सदस्य | |
| २१ | लोकेन्द्र बहादुर वि.क. | दलित सदस्य | |
| २२ | अम्मरराज जोशी | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |
| २३ | लाल बहादुर खाती | आ.ले.प. अधिकृत | |
| २४. | गोविन्द ब० विष्ट | लेखा अधिकृत | |
| २५. | विजय कुमार रजक | योजना अधिकृत | |
| २६. | सुजन बोगटी - | सूचना प्र. अधिकृत | |
| २६ | तेज बहादुर सिंह | क.अ. | |
| २८ | प्रकाशचन्द्र उपाध्याय - | प्रशासन सहायक | |
| २९ | रामभक्त खड्का - | सहयोगी | |

मिति २०८०-०८-१२ गतेको नगर कार्यपालिका बैठकका निर्णयहरुः

निर्णय नं १

"जयपृथ्वी नगरपालिकाको साझेदारी कार्यक्रम संचालन कार्यविधि, २०८०" माथि दफावार छलफल भई सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

निर्णय नं २

यस जयपृथ्वी नगरपालिका वडा नं १० चैनपुर बजार क्षेत्र भित्र रहेका सडक तथा सार्वजनिक वाटाहरु मिचि वनाइएका घर, टहरा लगाएतका संरचनाहरु हटाउन ३५ दिने घर टहरा हटाउने सम्बन्धी सार्वजनिक सूचना जारी गर्ने र सो सूचनाको अवज्ञा गरी सम्बन्धित व्यक्ति आफैले म्याद भित्र नहटाएमा नगरपालिका आफैले कानुन बमोजिम उक्त अनाधिकृत संरचनाहरु हटाउने निर्णय गरियो ।साथै चैनपुर बजार भित्र र वडा नं ९ मा रहेका तपसिल बमोजिमका सडक तथा बाटाहरुलाई मापदण्ड बमोजिम विस्तार गर्ने निर्णय गरियो ।

तपसिल

1. मुल सडक देखि पुरानो रा.बा. बैंङ्क जाने बाटो
2. नेकपा माओवादी पार्टी कार्यालय देखि खुलामञ्च जाने बाटो
3. माउन्टेन भ्यू होटल देखि अदालत जाने बाटो
4. डिभिजन वन कार्यालय र विधुत कार्यालय बीचको बाटो
5. जिल्ला अदालत देखि घरेलु कार्यालय, नेकपा एमाले पार्टी कार्यालय हुँदै पानकोट पुल सम्म जाने बाटो
6. वडा नं ९ को पक्की पुल देखि धौलावगर सम्मको बाटो
7. वडा नं ९ को पक्की पुल देखि गाडका खोला सम्मको बाटो

निर्णय नं ३

यस जयपृथ्वी नगरपालिकाको विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०८० को दफा ३(२) बमोजिम तपसिलको नगर स्तरीय विपद व्यवस्थापन समितिलाई पूर्णता दिने निर्णय गरियो ।

तपसिल

१. अध्यक्ष - श्री चेतराज बजाल (नगर प्रमुख)
२. उपाध्यक्ष - श्री रतन बहादुर सिंह (नगर उप-प्रमुख)
३. सदस्य - सर्जन बहादुर थापा
४. सदस्य - गंग बहादुर खड्का
५. सदस्य - ईश्वर बहादुर खाती
६. सदस्य - नरेन्द्र बहादुर सिंह
७. सदस्य - लाल बहादुर सुनार
८. सदस्य - सुर्मा रोकाया धामी

CamScanner

९. सदस्य - केश बहादुर खाती (सामुदायिक विद्यालय वालविकास मा.वि.बाट)
१०. सदस्य - नेपाली सेना प्रमुख वा प्रतिनिधि
११. सदस्य - नेपाल प्रहरी प्रमुख वा प्रतिनिधि
१२. सदस्य - सशस्त्र प्रहरी प्रमुख वा प्रतिनिधि
१३. सदस्य - नेपाल रेडक्रस सोसाइटी प्रमुख
१४. सदस्य - गैरसरकारी संघ संस्थाबाट एक महिला सहित ३ जना
१५. सदस्य - लाकेन्द्र बहादुर बोहरा विपद प्रभावित क्षेत्र
१६. सदस्य - भारती कुमारी भट्ट (विपद प्रभावित क्षेत्र वडा नम्बर ११)
१७. सदस्य - विपद व्यवस्थापन सम्बन्धी विज्ञ १ जना नगर प्रमुखबाट मनोनित
१८. सदस्य सचिव - प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकिएको व्यक्ति

निर्णय नं ४

यस जयपृथ्वी नगरपालिकाको "डोजर/ Back Hoi Loader संचालन कार्यविधि, २०८०" लाई सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

निर्णय नं ५

यस जयपृथ्वी नगरपालिकामा गठन भएको करार कर्मचारी छानविन तथा मुल्यांकन समितिवाट पेश भएको कर्मचारी छानविन मुल्यांकन प्रतिवेदन लाई पुनः छलफल गर्न करार कर्मचारी छानिवन तथा मूल्याङ्कन समितिमा फिर्ता पठाउने र उक्त समितबाट छलफल भई आएको प्रतिवेदन आगामी वैठकमा पेश गर्ने र यस नगरपालिका कार्यालय अन्तर्गत करारमा कार्यरत कर्मचारीहरुको २०८१ आषाढ मसान्त सम्म करार सम्झौता म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

एकद्धार संकट व्यवस्थापन केन्द्र, जिल्ला अस्पताल बझाङको च.न. ३५६, मिति २०८०।०८।१० गतेको सिफारिस पत्र अनुसार एकद्धार संकट व्यवस्थापन केन्द्रमा मामला ब्यवस्थापक पदमा कार्यरत सुमित्रा रावलको कार्य सम्पादन सन्तोषजनक नरहेको भनि उल्लेख भइ करार सम्झौता थप नगर्न OCMC र परियोजना साझेदार संस्थाहरुको बैठकबाट निर्णय भइ आएकोले निजको करार सम्झौता थप नगर्ने र उक्त पदमा कम्तिमा ६ महिने मनोसामाजिक परामर्शकर्ताको तालिम लिएको योग्य व्यक्तिलाई नियुक्त गर्न आवश्यक प्रक्रिया अगाडी बढाउन देहाय बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

पदपूर्ती समिति

१. संयोजक - प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी
२. सदस्य - योजना अधिकृत
३. सदस्य - मानसिक स्वास्थ्य तथा परामर्श केन्द्र (CMC Nepal)
४. सदस्य – अवलोकन कर्ता - UNFPA प्रतिनिधी
५. सदस्य सचिव - प्रशासन शाखा प्रमुख

२०८०।०८।१२

CamScanner

निर्णय नं. ७

मिति २०८०।०६।१६ र २०८०।०६।२० गते बझाङ केन्द्र विन्दु भई गएको भुकम्पका कारण यस नगरपालिकाका प्रभावित व्यक्ति तथा परिवारलाई राहत वितरणमा विभिन्न गै.स.स. सँग समन्वय तथा सहकार्य गर्ने निर्णय बमोजिम वडा नं ११ मा नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा बझाङले जिम्मा पाए बमोजिम वडा नं ११ का जनप्रतिनिधि तथा कर्मचारीहरुको स्थलगत अनुगमन सहित प्रभावित व्यक्ति तथा परिवारको सूची तयार गरी पेश गरेकोमा रेडक्रस सोसाइटी बझाङले वडा सँग समन्वय नगरी वितरण गरेको भन्ने वडा अध्यक्षको पूर्ण असहमति रहेको हुँदा सो सम्वन्धमा सत्य तथ्य वुझन नगर विपद व्यवस्थापन समितिमा छलफल गरी सोही बमोजिम आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं. ८

जयपृथ्वी नगरपालिकाको आर्थिक वर्ष २०८०।०८१ को नगर सभाबाट विनियोजित भएका तपसिल बमोजिमका योजना तथा कार्यक्रमहरुलाई रकमान्तर गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | विनियोजित शीर्षक | रकमान्तर गरिएको शिर्षक | बजेट रु हजारमा |
|---|---|---|---|
| १ | लक्षित बर्ग जनचेतना कार्यक्रम जनपा १ | पिमीडाडा चौदसी मेला व्यवस्थापन जनपा १ | ३००। |
| २ | भैपरी व्यवस्थापन जनपा १ | पिमीडाडा चौदसी मेला व्यवस्थापन जनपा १ | २००। |
| ३ | रोड सफाइ जनपा २ | मर्तोली खेल मैदान निर्माण जनपा २ | १००। |
| ४ | खाद्य तथा कृषि उत्पादन ढुवानी सेवा जनपा ११ | लक्षित बर्ग कार्यक्रम जनपा ११ | ३००। |

निर्णय नं. ९

यस जयपृथ्वी नगरपालिका वडा नं १ अन्तर्गत रहेको वेताल सामुदायिक आधारभुत विद्यालयको कम्पाउण्ड वाल जयपृथ्वी नगरपालिकाले निर्माण गर्ने निर्णय गरियो ।

निर्णय नं. १०

यस जयपृथ्वी नगरपालिका वडा नम्बर १० अन्तर्गत चैनपूर बजारमा १५ शैयाका अस्पताल, डेन्टल क्लिनिक, फार्मेसी सञ्चालन गरिरहेका व्यवसायीहरुले यस नगरपालिकामा अनिवार्य रुपमा दर्ता गराई व्यवसाय सञ्चालन गर्नुपर्ने र सो सम्वन्धमा नगरपालिकाले नियमित रुपमा अनुगमन गर्ने निर्णय गरियो ।

निर्णय नं. ११

यस वर्षको महिला सामुदायिक स्वास्थ्य स्वयंम सेविका दिवसको अवसरमा यस नगरपालिका अन्तर्गतका महिला सामुदायिक स्वास्थ्य स्वयंम सेविका मध्ये उत्कृष्ट कार्य गर्ने महिला सामुदायिक स्वास्थ्य स्वयंम सेविकालाई जयपृथ्वी पदकले विभुषित गर्ने निर्णय गरियो ।

२०८०।०८।१२